धनगढी उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
फोन नं.:- ०९१-५२०७३३
Email : info@dhangadhimun.gov.np
website : dhangadhimun.gov.np


प.सं. :- २०८०।८१
च.नं. : २२४

मिति :- २०८०।०४।११

**विषय : जानकारी गराउने र कार्यान्वयन गर्ने सम्बन्धमा ।**

श्री संस्थागत विद्यालयहरु सबै,
धनगढी उप-महानगरपालिका, कैलाली ।

प्रस्तुत विषयमा धनगढी उप-महानगरपालिका नगर शिक्षा ऐन, २०७४ (संशोधन सहित) मा संस्थागत विद्यालयका सम्बन्धमा उल्लेख भएका व्यवस्थाहरु अनिवार्य कार्यान्वयन गर्ने, गराउने व्यवस्था मिलाउनु हुन भनी यस कार्यालयको पत्र संख्या २०७९।०८०, च. नं. २३४ मिति २०७९।११।०४ र पत्र संख्या २०७९।०८०, च. नं. ७५०, मिति २०८०।०३।१७ गतेको पत्र मार्फत जानकारी गराइएको व्यहोरा अवगतै होला । धनगढी उप-महानगरपालिका नगर शिक्षा ऐन, २०७४ (संशोधन सहित) को दफा ४५ को व्यवस्था यस उप-महानगरपालिकाका संस्थागत विद्यालयहरुमा के कति कार्यान्वयन भयो भन्ने सम्बन्धमा प्राप्त गुनासो सम्बोधन एवम् अभिलेखका लागि त्यहाँ विद्यालयबाट शैक्षिक सत्र २०८० मा प्रत्येक कक्षामा कुल विद्यार्थी संख्याको कम्तिमा १० प्रतिशतमा नघटने गरी आर्थिक रुपमा विपन्न, अपाङ्गता भएका व्यक्ति, महिला, दलित, जनजाति, जेहेन्दार र अल्पसंख्यक विद्यार्थीहरुलाई उपलब्ध गराएको छात्रवृतिको विवरण ७ दिनभित्र देहायको ढाँचामा यस कार्यालयमा सोझै वा edu.dhangadi@gmail.com मार्फत पेश गर्नु गराउनु हुन जानकारीका लागि अनुरोध छ ।

नरेन्द्र बहादुर खाती
उपसचिव

**देहाय :**

**विद्यालयको नाम र ठेगाना :**

| क्र.सं. | कक्षा | IEMIS ID no. | छात्रवृति पाएका विद्यार्थीको नामथर | छात्रवृति प्राप्त गर्नेको आमाको नामथर | छात्रवृति प्राप्त गर्नेको वुबाको नामथर | आमा/ वुबाको मोबाइल नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| | | | | | | | |

नोट : धनगढी उप-महानगरपालिका नगर शिक्षा ऐन, २०७४ (संशोधन सहित) को E-Copy कार्यालयको वेभसाइट www.dhangadhimun.gov.np > दस्तावेज > राजपत्रबाट डाउनलोड गर्न सकिनेछ ।

**बोधार्थ तथा अवगतार्थ:**

श्रीमान् नगर प्रमुख ज्यू:- जानकारीका लागि सादर अनुरोध ।
श्रीमान् नगर उपप्रमुख ज्यू :- जानकारीका लागि सादर अनुरोध ।
श्री सञ्चार तथा सुचना प्रविधि शाखा:- वेभसाइट तथा फेसबुक पेजमा अपलोड गरि सार्वजनिक गरिदिनु हुन ।
श्री वडा कार्यालयहरु सबै :- आफ्नो वडा क्षेत्रभित्रका सबै संस्थागत विद्यालयहरुलाई पत्राचार गरी जानकारी गराउनु हुन ।